नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना प्रविधि विभाग

सिंहदरबार, काठमाडौं

च.नं.:

प.सं.:

मिति :

## प्रेस-विज्ञप्ति

आज मिति २०७८।०९।०७ गते, बुधबार सूचना प्रविधि विभागद्वारा निर्मित "केन्द्रिकृत एस.एम.एस. गेटवे (Centralized SMS Gateway)" को माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले शुभारम्भ गर्नुभयो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा.बैकुण्ठ अर्यालज्यूको अध्यक्षतामा आयोजित यस कार्यक्रममा एस.एम.एस. गेटवे सञ्चालकका तर्फबाट सूचना प्रविधि विभाग, एस.एम.एस. सेवा प्रदायकका तर्फबाट नेपाल टेलिकम र एनसेल साथै सो सेवा प्रयोगकर्ताका तर्फबाट महान्यायाधिवक्ताको कार्यालय, यातायात व्यवस्था विभाग, श्रम रोजगार तथा यातायात मन्त्रालय, वागमती प्रदेश बीच (त्रीपक्षीय) सम्झौता सम्पन्न भयो ।

सूचना प्रविधि विभागद्वारा सञ्चालित यस एस.एम.एस. गेटवे प्रयोग गरी सरकारी निकायहरुले न्युनतम शुल्कमा कर्मचारी तथा जनतासँग प्रभावकारी सञ्चार (सुचना, सन्देश र भुक्तानी सम्बन्धी जानकारीहरु समयमा पठाउन तथा प्राप्त गर्न) आदान-प्रदान गर्न सक्नेछन् भने अर्कोतर्फ सरकारी निकायहरुले सेवा दिन पठाइएका एस.एम.एस.हरुको एकीकृत प्रतिवेदन प्राप्त गर्न सकिनेछ। यस प्रणालीमा विभिन्न दुरसञ्चार सेवा प्रदायकसंगको भिपिएन कनेक्टिभिटी (VPN connectivity) र सर्भरको व्यवस्थापन सो सेवा लिने सबै सरकारी निकायले गर्नुको सट्टा एउटा निकायबाट मात्र गरिनेछ भने विभिन्न सरकारी निकायले प्रयोग गर्ने कुल एस.एम.एस. संख्याका आधारमा प्रति एस.एम.एस. न्युनतम शुल्क कायम गर्न सकिनेछ ।

हाल केही निकायबाट मात्र यो गेटवे प्रयोगको शुरुवात भएको भएता पनि आगामी दिनमा अन्य एस.एम.एस. सेवा प्रदान गर्ने सरकारी निकायहरुलाई पनि यस प्रणालीमा आवद्ध गर्दै लगिने छ।

मिति: २०७८।०९।०७

प्रेम शरण श्रेष्ठ
महानिर्देशक
सूचना प्रविधि विभाग

फोन नं.: ०१-४४९३११८, ४४९१५९८, ४४९१४३९, फ्याक्स नं.: ०१-४४९३११८, ईमेल: info@doit.gov.np, वेबसाइट: www.doit.gov.np

Scanned with CamScanner